# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७९
## गैडाकोट नगरपालिका
## नवलपरासी व.सु.पूर्व




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १११ मितिः २०७९।३।२६
विषयः लेखापरीक्षण प्रतिवेदन ।
श्री प्रमुखज्यू
गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
नवलपरासी व.सु.पूर्व ।

**कैफियत सहितको राय**

हामीले गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ४२ लाख ४४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. ३७ लाख ७७ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १६ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ६१ लाख ५६ हजार, नियमित गर्नुपर्ने रू. १ करोड ९ लाख ८९ हजार र पेश्की रू.१६ लाख ६९ हजार रहेको छ । गतवर्ष रु. ४ करोड १५ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड १९ लाख ८५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। नगरपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

गैंडाकोट नगरपालिका

# बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४५ | ११८ | ५४२४४ | १ | ४० | ३७७७ | ४४ | ७८ | ५०४६७ | १६५३ | १०९८९ | ३६१५६ | - | - | ४७१४५ | १६६९ |

# अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपुर | ४१५१८ | - | - | ४१५१८ | - | ५०४६७ | ९१९८५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गैंडाकोट नगरपालिका, नवलपुर , गैडाकोट नगरपालिका , नवलपरासी पूर्व भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | छविलाल सुवेदी | २०७८-७-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | याम प्रसाद सुवेदी | २०७८-१-१९ | |
| कार्यालय प्रमुख | विष्णु प्रसाद भुसाल | २०७७-४-३० | |
| लेखा प्रमुख | विष्णु प्रसाद भुसाल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५४,२४४,०५४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १९,८६,९४,०६८.९७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ७१,४७,६४,८१३ | चालु खर्च | ६७,३०,१४,०४२.९२ |
| प्रदेश सरकारबाट अनुदान | २,९७,७३,००० | पूँजीगत खर्च | २७,७६,१६,९८४.९२ |
| राजश्व बाँडफाँट | १५,८१,८४,६४५.४४ | वित्तीय/अन्य व्यवस्था | २,०१,२१,९९७.८ |
| आन्तरिक आय | १३,०३,००,८८७.२१ | | |
| अन्य आय | २,५९,५४,६०३.५९ | | |
| कुल आय | १,०५,८९,७७,९४९.२४ | कुल खर्च | ९७,०७,५३,०२५.६४ |
| बाँकी मौज्दात | | २८,६८,१८,९९२.५७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१२। २६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १८ वडा, ९२ सभा सदस्य, १५९.९३ वर्ग किलोमिटर क्षेत्रफल तथा ६५०७८ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८१,४७,६०,५७५.०४ | ८८,१३,३०,६७६.२४ | | ८८,१३,३०,६७६.२४ | ८८,१९,७१,९६९.८८ | | ८८,१९,७१,९६९.८८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७९,६६,०४,५००.५४ | ८५,५८,७६,०७२.६५ | ० | ८५,५८,७६,०७२.६५ | ६९,२१,२०,७५३.९४ | ० | ६९,२१,२०,७५३.९४ |
| ११००० कर | ११ | १६,७४,१२,५०० | २१,६२,५५,३८४.०४ | ० | २१,६२,५५,३८४.०४ | १६,९०,२३,५९७.०९ | ० | १६,९०,२३,५९७.०९ |
| १३००० अनुदान | | ५७,८४,९२,०००.५४ | ५६,७४,९०,५४० | ० | ५६,७४,९०,५४० | ५०,०६,७७,६३६ | ० | ५०,०६,७७,६३६ |
| संघीय सरकार | १२ | ५४,८०,६२,०००.५४ | ५४,२०,६०,५४० | ० | ५४,२०,६०,५४० | ४७,२४,५६,६३६ | ० | ४७,२४,५६,६३६ |
| प्रदेश सरकार | १२ | ३,०४,३०,००० | २,५४,३०,००० | ० | २,५४,३०,००० | २,८२,२१,००० | ० | २,८२,२१,००० |
| १४००० अन्य राजस्व | | ५,०७,००,००० | ७,२१,३०,१४८.६१ | ० | ७,२१,३०,१४८.६१ | २,२४,१९,५२०.८५ | ० | २,२४,१९,५२०.८५ |
| ख. अन्य प्राप्ति | | १,८१,५६,०७४.५० | २,५४,५४,६०३.५९ | | २,५४,५४,६०३.५९ | १८,९८,५१,२१५.९४ | | १८,९८,५१,२१५.९४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,८१,५६,०७४.५० | १,८४,०६,०७४.५० | ० | १,८४,०६,०७४.५० | ६,१८,६६,६२२ | ० | ६,१८,६६,६२२ |
| धरौटी | | ० | ७०,४८,५२९.०९ | ० | ७०,४८,५२९.०९ | ६८,१६,११४.३४ | ० | ६८,१६,११४.३४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १२,११,६८,४७९.६० | ० | १२,११,६८,४७९.६० |
| भुक्तानी (ग+घ) | | १,००,३१,११,२९३.०४ | ७९,३२,०५,७५२.६४ | | ७९,३२,०५,७५२.६४ | ७८,४२,८६,२२०.४३ | | ७८,४२,८६,२२०.४३ |
| ग. भुक्तानी (सञ्चित | | ९८,४९,५५,२१८.५४ | ७७,३५,८३,७५४.८४ | | ७७,३५,८३,७५४.८४ | ५९,७५,७९,८४१.८३ | | ५९,७५,७९,८४१.८३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषबाट) | | | | | | | | |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४,३७,९९,०००.५४ | २३,४५,१६,११७.०६ | ० | २३,४५,१६,११७.०६ | १६,४२,९६,७१०.०४ | ० | १६,४२,९६,७१०.०४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३२,४३,०३,८८० | २४,९७,३५,६१९.८६ | ० | २४,९७,३५,६१९.८६ | ११,२९,९४,१६४.२८ | ० | ११,२९,९४,१६४.२८ |
| २५००० सहायता (Subsidy) | १८ | १,२७,८८,००० | १,२७,८६,३८० | ० | १,२७,८६,३८० | ४,५७,८२,२८३ | ० | ४,५७,८२,२८३ |
| २६००० अनुदान | १८ | १,००,००,००० | ५१,३४,६५३ | ० | ५१,३४,६५३ | ५,३५,५१,३६९.५१ | ० | ५,३५,५१,३६९.५१ |
| २७००० सामाजिक सुरक्षा | १८ | ३८,१४,००० | ३५,२७,१०७ | ० | ३५,२७,१०७ | ७५,६५,४३६ | ० | ७५,६५,४३६ |
| २८००० अन्य खर्च | १८ | १४,१४,४८२ | ५,६७,२८७ | ० | ५,६७,२८७ | ५,३८,२७८ | ० | ५,३८,२७८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३८,८८,३५,८५६ | २६,७३,१६,५९०.९२ | ० | २६,७३,१६,५९०.९२ | २१,२८,५१,६०१ | ० | २१,२८,५१,६०१ |
| घ. अन्य भूक्तानी | | १,८१,५६,०७४.५० | १,९६,२१,९९७.८० | | १,९६,२१,९९७.८० | ७८,४२,८६,२२०.४३ | | ७८,४२,८६,२२०.४३ |
| कोषहरु | | १,८१,५६,०७४.५० | १,२९,२१,४४७.५० | ० | १,२९,२१,४४७.५० | ६,१०,४१,२७० | ० | ६,१०,४१,२७० |
| धरौटी | | ० | ६७,००,५५०.३० | ० | ६७,००,५५०.३० | ४४,९६,६२९ | ० | ४४,९६,६२९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १२,११,६८,४७९.६० | ० | १२,११,६८,४७९.६० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१८,८३,५०,७१८) | ८,८१,२४,९२३.६० | | ८,८१,२४,९२३.६० | ९,७६,८५,७४९.४५ | | ९,७६,८५,७४९.४५ |
| च. गतवर्षको जिम्मेवारी | | | १९,८६,९४,०६८.९७ | | १९,८६,९४,०६८.९७ | १३,८३,८२,४६४.११ | | १३,८३,८२,४६४.११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रकम (अ.ल्या) | | | | | | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१८,८३,५०,७१८) | २८,६८,१८,९९२.५७ | | २८,६८,१८,९९२.५७ | २३,६०,६८,२१३.५६ | | २३,६०,६८,२१३.५६ |
| बैंक तथा नगद बाकी | २४ | | २८,५१,२७,४६३ | | २८,५१,२७,४६३ | १७,३१,४४,३४६.९४ | | १७,३१,४४,३४६.९४ |

| पालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः | | | |
|---|---|---|---|
| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
| १ | ३५००१०११३-शिक्षा विकास निर्देशनालय | १००००००. | १००००००. |
| २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | १५१३९७०००. | १५०३१५९४३. |
| ३ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १२५०००००. | १२०८७९३६. |
| ४ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४३०००. |
| ५ | ३५००००११३-सामाजिक विकास मन्त्रालय | ३३०००००. | ३३०००००. |
| ६ | ३७००००११६४-एकीकृत स्वास्थ्य पूर्वाधार विकास | १००००००००. | १००००००००. |
| ७ | ३१३०११०१४-राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आ. | ६८००००. | ३००३९४. |
| | जम्मा | १७८९२००००. | १७७०४७२७३. |
| | | | |
| ८ | राजश्व | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विवरण | आम्दानी | दाखिला | बाँकी | |
| | विभिन्न | २६५९४८५९. | २६५९४८५९. | ०. | |
| ९ | कार्यसञ्चालनकोष | | | | |
| | गतवर्षको जिम्मेवारी | यसवर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
| | ०. | ५००००००. | ५००००००. | ५००००००. | ०. |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | | |
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन | | |

| | | | | |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइएन । | |
| ४.५ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ४.६ | | | **धरौटी फिर्ताः** आन्तरीक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धीत निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धीत आन्तरीक राजस्व कार्यालयवाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले निम्न निर्माण | २,४२६,०५० |

सेवालाइ कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र नलिइ भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | गो.भौ.नं. र मिति | निर्माण कम्पनी | कार्य | भूक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३।२०७७।६।१९ | सिविसि कन्स्ट्रक्सन ट्रेडिङ प्रा.लि. | एचटीएलटी | 416613 |
| २ | ३।२०७७।६।१९ | शिवम् सप्लायर्स | एक्स्टेन्सन | 500000 |
| ३ | ५।२०७७।१०।१२ | आर्कलाइट कन्सल्टिङ प्रा.लि. | ढोडेनी बहुउद्वेशिय भवन | 860000 |
| ४ | २।२०७७।५।३१ | शनिदेव सप्लायर्स | सेनेटरी प्याड खरिद | 399240 |
| ५ | ११।२०७८।१।८ | डि एण्ड जि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | कालोपत्र बाटो मर्मत | 250197 |
| | | | जम्मा | 2426050 |

५ **कानून निर्माण एवं कार्यान्वयनः**

५.१ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४ ऐन, ५ नियमावली, १५ कार्यविधि २ निर्देशिका , १ मापदण्ड र १ आचारसंहिता समेत २८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

५.२ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विामद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको ९७ वटा दर्ता गरी कूल १०० वटा विवाद भएकोमा ८७ मात्र फछ्र्यौट भई १२ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.८०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ ।<br>• निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ६.३ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• सञ्चितकोषको जिम्मेवारीमा गत बर्षको धरौटी समेत समावेश भएको कारण रु. ७२८३५५६।२१ बढी जिम्मेवारी देखाएको छ । सुत्रबाट तयार भएको वित्तिय विवणले फर्छौट भइसकेको पेश्कीलाइ समेत पेश्की बाँकीमा देखाएको छ । तसर्थ सुत्रबाट तयार भएको वित्तिय विवरणले आर्थिक कारोबारको यथार्थ र सही चित्रण गरेको छैन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | |
| ६.४ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१९१४१०५१२।७६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१९८६९४०६८।९७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७२८३५५६।२१ बढी जिम्मेवारी सरेको छ । सञ्चितकोषमा तग बर्षकोधरौटी समेत समावेश गरेको कारण बढी हुन गएको पाइयो । | | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | | |
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री विष्णु कुमारी कंडेलले २०७७।३।१० गते रु.७१ करोड ३२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | | |
| ७.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड १६ लाख ३४ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको तोक आदेशबाट पुजीगततर्फ सार्वजनिक बाटो, पानी लगायत ८८ कार्यक्रम शीर्षकमा रु. ११३४६३७४।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | | |

| | | | | |
|---|---|---|---|---|
| ७.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 102 | 8160000 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 192 | 672000 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 62 | 43400000 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 21 | 3570000 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 4 | 22500000 |
| | जम्मा | 381 | 78302000 |

| | | | | |
|---|---|---|---|---|
| ७.४ | | | **क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 130279 | 94282 | 12.22 |
| सामाजिक क्षेत्र | 386278 | 331219 | 42.92 |
| पूर्वाधार विकास क्षेत्र | 276125 | 190228 | 24.65 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 42908 | 28004 | 3.63 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 149363 | 128005 | 16.59 |
| जम्मा | 984953 | 771738 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 33487 | 0 | 2913 | 30574 | 26471 |
| २ | प्रदेश सरकार | 7542 | 0 | 0 | 7542 | 0 |
| ३ | पालिका | 226279 | 15392 | 75908 | 135979 | 62154 |
| ४ | कूल खर्च: | 267308 | 15392 | 78821 | 174095 | 88625 |
| | खर्च प्रतिशत | | 5.76 | 29.49 | 65.13 | 33.15 |

७.५ **प्रोफाइलः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको पाइएन ।

७.६ **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१ बजेट प्रकार : पूंजीगत

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | भु: संरक्षण कार्यक्रम | ४०,६०१ | ० | ० |
| २ | आवश्यकता अनुसार ग्राबेल वडा न.५ | ५०,००० | ० | ० |
| ३ | सम्राट कृषिमार्ग कालोपत्रे वडा नं. ८ | ४,००,००० | ० | ० |
| ४ | नन्दकली मार्ग वडा न. ८ स्तरोन्नती | ३,००,००० | ० | ० |
| ५ | श्रीकृष्ण मार्ग | १,००,००० | ० | ० |
| ६ | नारायणी आमा समुह जाने वाटो ग्राबेल | १,००,००० | ० | ० |
| ७ | राममन्दीर बाटो | ३,००,००० | ० | ० |
| ८ | भल नियन्त्रण वडँ नं. २ | ३४,४५,००० | ० | ० |
| ९ | बोरीङ मर्मत | १,५०,००० | ० | ० |
| १० | छहारी भुमी सिंचाई मिटरको संरक्षण | १,००,००० | ० | ० |
| ११ | ढीकीवाँध सिचाई आयोजना वडा न.१५ | १,०३,००० | ० | ० |
| १२ | पर्दशनी स्थल निर्माण वडा नं. २ | ६,१०,८५४ | ० | ० |
| १३ | वृक्षारोपन कार्यक्रम वडा न. ४र ८ | १,००,००० | ० | ० |
| १४ | टोल विकास संस्थालाई डस्टविन खरीद | ४५,००० | ० | ० |
| १५ | एस पि एम कलेज अनुदान वडा न.२ | १,००,००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| १६ | रतापुर वडा न. १८ प्रसुति गृह निर्माण | ७,००,००० | ० | ० |
| १७ | लक्ष्मी मा.वि. वडा नं. १५ | ५०,००० | ० | ० |
| १८ | खरको छानो विस्थापन कार्यक्रम वडा नं. ३ | १,८३,५४८ | ० | ० |
| १९ | विद्यालय कम्पाउण्ड बाल निर्माण | २,००,००० | ० | ० |
| २० | कृष्ण मन्दिर वडा नं. १६ | ११,००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| ८.१ | | | **आर्थिक सहायताः** महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । यस नगरपालिकाले यो वर्ष औषधि उपचार र बाढी पिडीत २९८ व्यक्ति एवं संस्थालाई आर्थिक सहायता वापत रु. १७८१४२०।- खर्च लेखि भूक्तानी गरेको छ । यस्तो खर्चमा मितव्यता अपनाउनुपर्दछ । | |
| ८.२ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा संघिय सशर्त चालु अनुदान रु. २५७९२३०३।- र विशेष चालु अनुदान रु. १५०१३३७२।- समेत रु. ४०८०५६७५।- आर्थिक वर्षको अन्त्यमा फिर्ता नभइ बाँकी रहेको रकम आ.व. २०७८।०७९ को मिति २०७८।४।३ मा दाखिला भएको छ । | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने | |

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारीहरु करारमा राखी रु.६४३९०६५।- खर्च लेखेको छ । | |
| ९.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कूल दरबन्दी संख्या १४४ भएकोमा ९९ पदपूर्ती भई ४५ पद रिक्त रहेको पाइयो रिक्त पदमा करार सेवाबाट पदपूर्ती गरिएको छ । दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १०.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| १०.२ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १०.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| ११ | | | **खरीद व्यवस्थापन**<br>• उपभोक्ता समितिबाट गरीएका कामहरुको गुणस्तर परिक्षण गर्ने गरेको नपाइएको । | |
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | | |
| १२.१ | | | **आन्तरिक आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ५९ जुनसुकै माध्यमबाट राजश्व प्राप्त गरेको भएता पनि स्विकृत राजश्व वर्गीकरण र व्याख्या बमोजिम राजश्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणाली सिद्धान्त अनुसार राजश्व लेखा अध्यावधिक गरी दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्नेमा राखेको पाइएन। यस आर्थिक बर्षमा पालिकामा रु.१४२५२२३३। राजश्व संकलन भएको छ । पालिकाले राजश्व संकलन गर्नका लागि सफ्टवेयर प्रयोगमा ल्याएको छ ।<br>• पालिकामा सम्पति कर दाता २८११२ भएकोमा आ.व २०७७।०७८ मा १५००५ नविकरण भएको पाइयो कर दाता सबैलाई दायरामा ल्याइ कर उठाउने तर्फ पालिकाले पहल गर्नु पर्ने देखिन्छ ।<br>• आ.ब २०७६।०७७ सम्म ३१०० व्यवसाय दर्ता भएकोमा आ.ब२०७७।०७८ सम्म ३१०० नविकरण भइ २८०० व्यवसाय नविकरण हुन बाँकी देखीएकोले नविकरण हुन बाँकी लाई नविकरण गराउन पहल गर्नु पर्ने देखिन्छ ।<br>राजश्वलाई व्यवस्थित गर्न सफ्टवेयर प्रयोगमा ल्याई समयमा राजश्व संकलन गर्ने साथै समयमा बैक दाखिला गर्ने तर्फपालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | | |
| १२.२ | | | **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले तोकिएको समयमभित्र राजश्व दाखिला गरेको पाइएन । राजश्व रकम तोकिएको समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | | |
| १२.३ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | | |
| १३ | | | **शिक्षाः** | | |
| १३.१ | १३२ | २०७८-१-४ | **वालविकास सहजकर्ता पारिश्रमिकः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को १.४.१. अनुसार स्थानिय तहमा | | १५८,००० |

आफ्नो श्रोतबाट खर्च व्यहोर्ने गरि सञ्चालित वालविकास केन्द्रलाई स्थानिय श्रोतबाट सञ्चालित गरिने उल्लेख छ । प्रारम्भिक वालविकास सहजकर्ताको पारीश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानमा लेखापाल, वालविकास, कार्यलय सहयोगीको तलव निकासामा वालविकासको लागी थप रु.१०००.०० का दरले नगरपालिकाको आफ्नो श्रोतबाट खर्च व्यहोर्ने गरि निकासा दिने गरि निर्णय गरेको छ । नगरपालिकाको आफ्नो श्रोतबाट खर्च व्यहोर्ने गरि निकासा दिनुपर्नेमा सशर्तबाट निकासा गरिएको छ । यसरी पालिकाको श्रोतबाट खर्च गरिनुपर्नेमा सशर्तको बजेटबाट खर्च गरिएकोले संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | भौ.नं. र मिति | महिना | संख्या | निकासा रु. |
|---|---|---|---|---|
| १ | ८८-०७७/१२/१० | माघ, फाल्गुन | ३९ | 78000 |
| २ | १३२-०७८/१/१४ | चैत्र | 41 | 41000 |
| ३ | १६२-०७८/२/१९ | वैशाख/जेठ | 39 | 39000 |
| | | जम्मा | | 158000 |

१३.२ | १४० | २०७८-१-३०

**शिक्षण सिकाई अनुदानः** अग्रेजी, विज्ञान, गणित विषयमा शिक्षण सहयोग अनुदान शिक्षक व्यवस्थापनका लागी जारी गरिएको शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ को दफा ६ अनुसार शुन्य र एक दरवन्दी भएका सामुदायिक आधारभुत र माध्यमिक विद्यालयलाई शिक्षण सिकाई अनुदान शिक्षकको व्यवस्था गरेको छ ।गाउँपालिकाको शिक्षा शाखामा अभिलेख कायम भएका शिक्षकहरुको सम्वन्धित विद्यालयले पेश गरेको तलवी माग फारामका आधारमा निकासा गर्नुपर्ने व्यवस्था छ । शिक्षण सिकाई अनुदान शिक्षकहरुको लागी तिन विद्यालयलाई जम्मा रु.१०७९६००.०० एकमुष्ठ निकासा गरिएको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी बजेट फ्रिज हुने सशर्त बजेटबाट विद्यालयमा जेठमा नियुक्त हुने शिक्षकको लागी जेठ देखी आषाढसम्मको मात्र निकासा गर्नुपर्नेमा बढी निकासा गरिएको छ । आगामी आर्थिक वर्षको पारिश्रमिक चालु आर्थिक वर्षमा निकासा गरिनु उपयुक्त देखिएन ।

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | नियुक्तीको निर्णय मिति | तलव स्केल मासिक | निकासा |
|---|---|---|---|---|---|
| १ | कृष्णगण्डकी मावि-३ | लाल कुमारी पून | | 35990 | 431800 |
| २ | बालज्योती मावि-१८ | राम कुमार तामाङ्ग | २०७५/६/५ | 35990 | 431800 |
| ३ | नारायणी मावि-७ | अर्जुन रिमाल | २०७८/२/९ | 36000 | 216000 |
| | | जम्मा | | | 1079600 |

| | | | | |
|---|---|---|---|---|
| १३.३ | ३७९ | २०७८-२-११ | **निर्माण कार्यः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ८.४ (छ) अनुसार प्राविधिकहरुले निरिक्षण गरी दिएको प्रतिवेदनको आधारमा स्वीकृत कार्यक्रमको परिधिभित्र रही रकम दिनुपर्ने व्यवस्था छ ।वडास्तरीय स्वास्थ्य चौकी निर्माण वडा नं.९ को भवन निर्माण कार्यमा प्रथम रनिङ्ग विल अनुसारको रु.१९,०७,९१४ (कन्टिजेन्सी बाहेक) भुक्तानी हुनुपर्नेमा रु.१९,५८,२६०.०० (कन्टिजेन्सी बाहेक) भुक्तानी भएकोले रु.५०,३४६.०० बढी भुक्तानी भएको छ ।यसरी मूल्याङ्कन विल अनुसार प्रथम रनिङ्ग विलमा उल्लेखित रकम भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ५०,३४६ |
| १३.४ | ३२४ | २०७८-३-२६ | **भौतिक पूर्वाधार निर्माण अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को सि.नं.८.६ अनुसार अनुदान उपलव्ध गर्दा विद्यालय र स्थानिय तहबीच सम्झौता गरी पहिलोपटक ५० प्रतिशत, वाँकि रकम कार्यप्रगतिका आधारमा उपलव्ध गराउने र विद्यालयले भौतिक निर्माण गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रही निर्माण कार्य सञ्चालन गरिनुपर्ने व्यवस्था छ । तपसिलको विद्यालयलाई भौतिक पूर्वाधार निर्माणको लागी विद्यालय र स्थानिय तहबीच सम्झौता गरी पहिलोपटक ५० प्रतिशत, वाँकि रकम कार्यप्रगतिका आधारमा उपलव्ध गराउनुपर्नेमा एकमुष्ठ रकम निकासा उपलव्ध गराईएको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रही निर्माण कार्य गरेको प्रमाण पेश भएको छैन । विद्यालयलाई भौतिक निर्माण गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकिए अनुसार पहिलोपटक ५० प्रतिशत, वाँकि रकम कार्यप्रगतिका आधारमा उपलव्ध गराउनुपर्दछ । नियमानुसार निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु. | ३०,२००,००० |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | कालिका मा.वि., गैडाकोट-१ | 15200000 |
| २ | जनक मा.वि., गैडाकोट-5 | 15000000 |
| | जम्मा | 30200000 |

| | | | | |
|---|---|---|---|---|
| १३.५ | २१६ | २०७८-३-१६ | **पुस्तकालयमा आधारित पुस्तक खरिदः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को २.४.६.१ अनुसार सामुदायीक माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीका लगी पुस्तकालयबाट नै पाठ्यपुस्तक ल्याउने लैजाने गरी व्यवस्थापन गर्न प्रति विद्यालय बार्षिक रु. ५०,०००.०० का दरले एकमुष्ठ अनुदान उपलव्ध गराउने र पाठयक्रम विकास केन्द्रले स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूची भन्दा वाहिरका पुस्तक/पत्रपत्रिका खरिद गर्न नपाईने उल्लेख छ ।जनक मावि, कालिका मावि, रत्नराज्य मावि, जनता मावि र लक्ष्मी मावि गरी ५ विद्यालयलाई पाठ्यपुस्तक खरिदको लागी रु ५०,०००.०० का दरले जम्मा रु.२,५०,०००.00 निकासा गरिएको छ । पुस्तक खरिद गरेको विजक र पुस्तकालयमा दाखिला गरेको प्रमाण पेश भएको छैन । दाखिला फाराम मात्र पेश भएको छ । विद्यालयले पाठयक्रम विकास केन्द्रले स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूची भित्रका पुस्तक/पत्रपत्रिका खरिद गरेको र पुस्तकालयमा दाखिला गरिनुपर्दछ । | |
| १३.६ | ३१८ | २०७८-३-२५ | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ६(८) अनुसार विद्यालयको भौंतिक पूर्वाधार निर्माण उपभोक्ता समिति वा ठेक्कापट्टाद्धारा गर्न सकिने दफा ६(१०) अनुसार मन्त्रालयबाट स्वीकृत सम्वन्धित विषय क्षेत्रको निर्देशीका तथा वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम हुनुपर्ने व्यवस्था छ । तपसिलको विद्यालयहरुलाई कक्षा कोठा निर्माण तथा कम्प्यूटर ल्याव निर्माण कार्यको लागी रु.१,६०,००,०००.०० निकासा दिएको छ । कक्षा कोठा निर्माण तथा कम्प्यूटर ल्याव निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले च.नं. ८३ मिति २०७८/३/२० को संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि समन्वय र सहजीकरण सम्वन्धमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बापतको निकाशा हुने रकम सम्बन्धित विद्यालयको खातामा तत्काल निकाशा दिइ सोको प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यक लागि सम्बन्धित विद्यालयहरुलाई जिम्मेवार | |

| | | | | |
|---|---|---|---|---|
| | | | र जवाफदेही बनाउने गरी सहजीकरण, समन्वय र सहयोगका लागि सबै स्थानीय तहमा निर्देशन गरी सहयोग गरिदिनुहुन अनुरोध छ भनि लेखि आए अनुसार सबै स्थानीय निकायले निकासा भएको रकमको सही सदुपयोग गर्ने गराउने कार्यको लागि अनुगमन समेत गरिनुपर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | निर्माण कार्य | रकम |
|---|---|---|---|
| १ | ने.रा.शि.मा.वि.,गैडाकोट-९ | कक्षा कोठा निर्माण | 1800000 |
| २ | जनक मा.वि. गैडाकोट-५ | कम्प्यूटर ल्याव निर्माण | 2600000 |
| ३ | नारायणी मावि गैडाकोट-७ | कम्प्यूटर ल्याव निर्माण | 650000 |
| ४ | कालिका मावि गैडाकोट-१ | कक्षा कोठा निर्माण | 1800000 |
| ५ | रत्नराज्य मावि गैडाकोट-१० | कक्षा कोठा निर्माण | 1800000 |
| ६ | जनता मावि गैडाकोट-१२ | कक्षा कोठा निर्माण | 1800000 |
| ७ | लक्ष्मी मावि गैडाकोट-१५ | कम्प्यूटर ल्याव निर्माण | 1950000 |
| ८ | अमरज्योती मावि गैडाकोट-१७ | कक्षा कोठा निर्माण | 1800000 |
| ९ | विजय ज्योती आवि गैडाकोट-१४ | कक्षा कोठा निर्माण | 1800000 |
| | | जम्मा | 16000000 |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **प्रकोप व्यवस्थापन कोषः** | |
| १४.१ | | | **विपद जोखिम कार्यमा खर्चः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४८ अनुसार कार्यकारी समित र प्रदेश विपद व्यवस्थापन कार्यकारीसमितिले यो ऐन र यस ऐन अन्तर्गत वनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि तथा मापदण्ड वनाउन सक्ने व्यवस्था छ । गण्डकी प्रदेश सरकारको विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १० उपदफा १ | |

ले प्रदेश विपद् व्यवस्थापनका लागि एक विपद् व्यवस्थापन कोष खडा गर्ने व्यवस्था गरेको छ । विपदजन्य कार्यमा खर्च गर्नु अघि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा नियमको अधीनमा रही आवश्यक कार्यविधि तथा मापदण्ड वनाउनुपर्नेमा कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । कार्यविधि तथा मापदण्ड वेगर तपसिलको कार्यमा गरिएको खर्च रु.१८,३३,९६५.०० नियमसम्मत देखिएन । सम्वन्धित ऐन तथा नियमको अधीनमा रही आवश्यक कार्यविधि तथा मापदण्ड वनाएर मात्र खर्च गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | भौ.नं. र मिती | खर्चको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १०-०७८/६/२० | नहर खन्ने तथा हेमपाईप राख्ने कार्य | 384120 |
| २ | २६-०७७/९/९ | भोर्केफाँट टोल विकास संस्थाको पाईप खरिद कार्य | 306000 |
| ३ | २९-०७७/१२/१२ | ग्रावेल कार्य | 602500 |
| ४ | ३६-०७८/१/१४ | समशानघाट गेट निर्माण | 199512 |
| ५ | ४३-०७८/२/२८ | कभर्ड हल निर्माण | 341833 |
| | | जम्मा | 1833965 |

| | | | | | |
|---|---|---|---|---|---|
| १४.२ | २० | २०७७-८-८ | **कोभिड खर्चः** गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुर्‍याई राख्नुपर्ने व्यवस्था छ। कोभिड-१९ का विरामीहरूको उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गनिर्देशन, २०७७ अनुसार खर्च भएको रकम उपलब्ध गराउँदा सम्बन्धित अस्पतालले आवश्यक प्रमाणहरू उपलब्ध गराउनु पर्ने व्यवस्था छ ।कोभिड-१९ निर्देशन समिति २०७७/७/१७ को वैठकको निर्णय नं.३ अनुसार कमिनिटी नेचर केयर हस्पिटललाई रु.५,००,०००.०० भुक्तानी गरिएको छ । सम्बन्धित अस्पतालले आवश्यक प्रमाणहरू उपलब्ध गराउनु पर्नेमा प्रमाण कागजात उपलव्ध गराएको छैन । कोभिड-१९ का विरामीहरूको उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गनिर्देशन, २०७७ अनुसार खर्च गरिनुपर्दछ । | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **पेश्की व्यवस्थापनः** | ३,१२४,००० |

**पेश्की फर्छौंटः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौंट गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपलब्ध गराएको फर्छौंट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची २३ तथा फर्छौंट गर्न बाँकी पेश्कीको मास्केवारी म.ले.प.फा.नं. २११ अनुसार चालु वर्षको म्याद नाघेको रु. ६२८०००।- र गत आ.व.को म्याद नाघेको रु. ५२६८८३०।– समेत रु. ५८९६८३०।-आ.व. को अन्त्यमा बाँकी रहेकोमा सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदनमा फर्छौंट गर्न बाँकी पेश्कीको मास्केवारीमा फर्छौंट भइ सकेको पेश्की रु. २१४४८३०।- र आ.व. २०७८।०७९ मा फर्छौंट भएको पेश्की रु. ६२८०००।- समेत रु. २७७२८३०।- फर्छौंट भइ सकेकोले फर्छौंट गर्न बाँकी रहेको निम्नानुसारको रकम रु. २१२४०००।- वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फर्छौंट गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | पेस्की रकम |
|---|---|---|
| १५.१ | जेष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान (२०७७।५।९) | ७५,००० |
| १५.२ | तारानगर खानेपानी तथा सरसफाइ उ.स. (२०७७।५।९) | २,९१,००० |
| १५.३ | भोक्रोफाँट टोल विकास संस्ठा (२०७७।५।९) | १,१६,००० |
| १५.४ | नन्दन सामुदायिक वन उ.स.(२०७७।५।९) | ८०,००० |
| १५.५ | भृकुटीटोल भल नियन्त्रण उ.स. (२०७७।५।९) | १४,५५,००० |
| १५.६ | श्री शिवालय मार्ग बाटो निर्माण उ.स.(२०७७।५।९) | ८,७३,००० |
| १५.७ | सिर्जना टोल बाटो निर्माण उ.स. (२०७७।५।९) | ५८,००० |
| १५.८ | अर्जुन रिमाल (२०७७।५।९) | १०,००० |
| १५.९ | मनिरत्न सापकोटा (२०७७।५।९) | १,६६,००० |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **कर कट्टा सम्बन्धमाः** | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| १६.१ | | | **भुक्तानीमा करः** – आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.५३४०अग्रिम कर कट्टी गरेको छैन ।कट्टी नै नगरेको तथा कम कट्टी गरेको रकम दाखिला हुनु पर्ने असुल हुनुपर्ने रु. | ३६,२५७ |

| गोभौनं./ मिति | विवरण | भुक्तानी रकम | करको दर % | दाखिला गर्नु पर्ने कर | दाखिला गरेको रकम | दाखिला गर्नु छुट रकम |
|---|---|---|---|---|---|---|
| 1191-078/3/22 | प्रशिक्षक भत्ता | 15000 | 15 | 2250 | 0 | 2250 |
| 1259-078/3/124 | पारीश्रमक र अनुगमन | 35000 | 15 | 5250 | 0 | 5250 |
| 267-078/3//22 | व्यवसायीक तरकारी उत्पादन कार्यक्रम | 362743 | 1.5 | 5129 | 162 | 4967 |
| 351-078/3/29 | गोविन्द घिमिरेको पेश्की फर्छयौट | 200000 | 15 | 7725 | 6225 | 1500 |
| 289-078/3/24 | अमरापुरी बहुउद्देश्यीय सहकारी संख्था लागत साझेदरी कार्यक्रम ( कुल खर्च रु.६३८५९७० को कट्टा गर्नु पर्नेमा रु.४९००००० को मात्र कट्टा गरेको | 4900000 | 1.5 | 95790 | 73500 | 22290 |
| | जम्मा | | | | | 36257 |

| | | | | |
|---|---|---|---|---|
| १६.२ | | | **पारिश्रमिक करः-** आयकरऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसारका कर्मचारीले वार्षिक पारिश्रमिक भुक्तानीमा कम करकट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | ४३,४२१ |

| क्र.स. | कर्मचारीको नाम | वार्षिक आय | कुल कट्टी | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर सा.सु कर समेत | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| 1. | झलकराज पौडेल | 831917 | 244718 | 587199 | 21940 | 20892 | 1048 |
| 4 | टुकरारम सुवेदी | 720258 | 124776 | 595482 | 23596 | 20955 | 2641 |
| 5 | पक्षपपाणी शर्मा | 737298 | 241656 | 495642 | 9064 | 4956 | 4108 |
| 6 | सिता देवि शर्मा | 684090 | 209256 | 474834 | 6983 | 5748 | 1235 |
| 7 | शोभा प्रसाद आचार्य | 720258 | 238776 | 481482 | 7648 | 4815 | 2833 |
| 8 | तुलसि कडेल | 720258 | 124776 | 595482 | 23596 | 20955 | 2641 |
| 9 | सरला कुमाल | 655458 | 155976 | 499482 | 9448 | 4995 | 4453 |
| 11 | प्रकाश पोख्रेल | 614128 | 90816 | 523312 | 11831 | 5233 | 6598 |
| 12 | माधव आचार्य | 627476 | 93072 | 534404 | 12940 | 10344 | 2596 |
| 14 | बालकृष्ण चापागाई | 935814 | 305237 | 630577 | 30615 | 18306 | 12309 |
| 19 | प्रदिप सापकोटा | 583938 | 101736 | 482202 | 7720 | 4822 | 1898 |
| 21 | पदम प्रसाद अधिकारी | 559372 | 97584 | 461788 | 5679 | 4618 | 1061 |
| | जम्मा | | | | | | 43421 |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | | **स्वास्थ्य तर्फः**<br>**औषधी खरिदः** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.५३८५९४१ र नगरपालिका अनुदानबाट रु.२८२६९०६। गरी जम्मा रु.८२१२८४७ को औषधी सोझै खरीद गरेको छ। औषधिको खरीद गर्दा पालिकाले कम्तीमा ३ वटा सप्लायर्स सँग कोटेशन मागी औसध लिइ लागत अनुमान तयार गर्नु पर्नेमा सो नगरी ३ वटा कोटेशन लिइ न्यूनतम कबोल गर्ने सप्लायर्स सँग खरीद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **खरीद तर्फः** | |
| १८.१ | | | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरी भुक्तानी गरेको रकम नियम सम्मत नभएको रु. | २,००१,१११ |

| भौ. नं./मिति | भुक्तानी पाउने | काम तथा खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| 160-077/6/23 | क्वालीटी प्रेस | मसलन्द तथा कार्यालय सामान | 188474 |
| 403-077/9/10 | पपुलर छापाखाना | मसलन्द तथा कार्यालय सामान | 110740 |
| 404-077/9/10 | स्मार्ट प्रिन्टीङ्ग एण्ड प्याकेजिङ्ग | मसलन्द तथा कार्यालय सामान | 188045 |
| 624-077/11/5 | क्वालिटी प्रेश, पपुलर छापाखाना | मसलन्द तथा कार्यालय सामान | 382664 |
| 641-077/11/11 | क्वालिटी प्रेश, स्मार्ट प्रिन्टीङ्ग एण्ड प्याकेजिङ्ग | मसलन्द तथा कार्यालय सामान | 123735 |
| 669-077/11/18 | पपुलर छापाखाना | मसलन्द तथा कार्यालय सामान | 59095 |
| 883-078/1/12 | क्वालिटी प्रेश, | मसलन्द तथा कार्यालय सामान | 254250 |
| 961-078/2/13 | क्वालिटी प्रेश, | मसलन्द तथा कार्यालय सामान | 84902 |
| 66-078/3/20 | पपुलर छापाखाना | मसलन्द तथा कार्यालय सामान | 365611 |
| 13-077/6/7 | नारायणी फर्निचर सेन्टर | फर्निचर तथा फिक्चर्स | 327587 |
| 73-077/8/23 | नारायणी फर्निचर सेन्टर | फर्निचर तथा फिक्चर्स | 161012 |
| 37-077/7/27 | नारायणी फर्निचर सेन्टर | फर्निचर तथा फिक्चर्स | 702499 |
| | जम्मा | | 2,001111 |

| | | | | | |
|---|---|---|---|---|---|
| १८.२ | | | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य | ९८८,५२४ | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ ।भौ.७२-०७७।११।२३ बाट आधारभूत स्वास्थ्य केन्द्रलाई आवश्यक फर्निचर लगायतका सामाग्री नारायणी होम डेकोर बाट रु.४९४९४०। नारायणी फर्नीचर बाट रु.४९३५८४। समेत रु.९८८५२४। को खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै खरिद गरी भुक्तानी गरेको रकम नियम सम्मत नभएको रु. | |
| १९ | | | **ठेक्का व्यवस्थापनः** | |
| १९.१ | | | **कोटेशन वेगर खरीदः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १८ अनुसार खरिदको मौजुदा सुचितयार गर्नु पर्ने र मौजुदा सुचिमा रहेका सप्लायर्स सँग ८५ (४) मा एक लाख भन्दा बढीको सामान सोझै खरीद गर्दा कम्तीमा ३ वटा सप्लायर्स सँग दरभाउपत्र माग गर्नु पर्ने व्यवस्था छ । भौ.-३२९-०७७।८।२२ बाट वडा नं.२ को सिलन्यास चोकमा सि.सि क्यामरा जडान कार्य गर्दा कोटेशन वेगर सोझै खरीद गरी रु.२०००००। खर्च गरेको पाइयो । नियमावलीको व्यवस्था विपरित खरीद गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ । | |
| १९.२ | | | **लागत अनुमान र कार्य सम्पन्न वेगर कार्यः** सार्वजनिक खरीद ऐन, नियमावल बमोजिम कुनै पनि निर्माण कार्य लागत अनुमान वेगर गराउन नहुने र निर्माण कार्य सम्पन्न पछी कार्य सम्पन्न पेश गर्नु पर्ने व्यवस्था छ । झराईखोलाको लागि ग्याविनजाली २x१x१को २५ थानको रु.८६०२१।सरस्वती जाली एण्ड ग्याविन उद्योगलाई भुक्तानी भएको छ । विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने र आगामी कार्यपालिकाबाट अनुमोदन हुने गरी कार्य अगाडी बढाउने नगर प्रमुखबाट स्विकृत गराइ कार्य गराएकोमा लेखापरीक्षण अवधि सम्म लागत अनुमान कार्य सम्पन्न तथा अनुमोदन समेत गरेको पाइएन । निर्माण कार्य गराउँदा ऐन नियमावली र नियमको समेत पालना गरिनु पर्ने देखिन्छ । | |
| १९.३ | | | **परामर्श सेवामा ओभरहेड भुक्तानीः** सार्वजनिक खरीद नियमावली, २०६४ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड जोड्न नपाइने व्यवस्था भएता पनि निम्न योजनाहरुमा लागत अनुनमान तथा संझौता रकममा समेत ओभरहेड जोडि भुक्तानी दिएको पाइएकोले ओभरहेड रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | ४५,१९५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.मिति</td><td>योजनाको नाम</td><td>परामर्ष दाता</td><td>लागत अनुमान</td><td>ला.अ मा ओभरहेड रकम</td><td>संझौता रकम</td><td>संझौता मा ओभरहेड रकम</td></tr>
<tr><td>31-077/8/1</td><td>राश्व सुधार कार्ययोजना</td><td>एकाउन्टाविलिटी इनिसियटिभ प्रा.लि</td><td>499000</td><td>45421</td><td>496000</td><td>45195</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>भेरीएसन आदेश वेगर भुक्तानीः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११८ बमोजिम संझौताको बखत पुर्वानुमान गर्न नसकिने परिस्थिती सृजना भएमा ऐनको दफ ५४ बमोजिम सार्वजनिक निकायले भेरीएसन आदेश नियमावलीको व्यवस्था बमोजिम स्विकृत गराउनुपर्ने व्यवस्था छ । भौ.१०३७-२०७८।३।६ बाट कभर्डहल ग्राभेल कार्यको कबोल अंक रु.४५०८३०। भएकोमा निर्माण व्यवसायी नारायणी निर्माण सेवाले रु.४९५७८१। को विल पेश गरेको आधारमा भूक्तानी गरेको छ । भेरीएसन आदेश वेगर कबोल अंक भन्दा रु.४४९५१। बढी भूक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु.</td><td>४४,९५१</td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>जिन्सी दाखिलाः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, 2076 को नियम 28(1) मा जिन्सी सामान खरीद गरेकोमा खरीद गरेको 7 दिन भित्र जिन्सी दाखिला गर्नु पर्दछ ।विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत निम्न विद्यालयले खरीद गरेका सामानहरु विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण संलग्न गरेको नपाइएकाले जिन्सी दाखिला प्रमाण पेश गर्नु पर्ने रु.
<table>
<tr><td>भौ.मित</td><td>विवरण</td><td>किनेको सामानको नाम</td><td>भुक्तानी करम</td></tr>
<tr><td>1131-078/3/18</td><td>देउराली आ.वि</td><td>ग्लास डोर, अफिस टेवल, कुर्ची</td><td>58991</td></tr>
</table>
</td><td>५८,९९१</td></tr>
<tr><td>१९.६</td><td></td><td></td><td>ह्युम पाइप खरिदः सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। भौ.९३५-०७८।१।३० राधाकृष्ण ह्युम पाइप इण्डष्ट्रीज प्रा.लि बाट सोझे खरीद गरी भौ.नं.९३५-०७८।१।३० बाट रु.२६१६३६६ भुक्तानी भएको छ । विपद् व्यवस्थापनको लागि निम्न साइजका हिमपाइपहरु ३ वटा कोटेशनको आधारमा रु.२६१६३६६। को सोझै खरीद गरेको छ ।उत्त ह्युम पाइपहरु मिति</td><td>२,६१६,३६६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>२०७७।५।३१ को नगर प्रमुखको खरीद गर्ने निर्णयको आधारमा खरीद गरीएको छ । विपद व्यवस्थापनको लागि हयुम पाइप खरीद गरिएको भनिए पनि मिति २०७७।८।१४ को रु.२३७४३२०। को कर विजक रहेको छ । जुन समयमा खरिद गरिएको हो सोही समयको कर विजक पेश हुनु पर्नेमा मंसिरको विल पेश भएको छ । खरिद गरिएको पाइप कुन स्थानमा कति संख्यामा प्रयोग भएको प्राविधिक मुल्याफङ्कन साथै बुझेको भर्पाइ समेत पेस नभएकोले जडानको प्रमाण पेश गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>ह्युम पाइपको साइज</th><th>सख्या</th></tr>
<tr><td>१</td><td>९०० एम एम</td><td>३ थान</td></tr>
<tr><td>२</td><td>४५0 एम एम</td><td>१६ थान</td></tr>
<tr><td>३</td><td>७५० एम एम</td><td>१२ थान</td></tr>
<tr><td>४</td><td>६०० एम एम</td><td>२८ थान</td></tr>
<tr><td>५</td><td>९०० एम एम</td><td>४३ थान</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>१९.७</td><td></td><td></td><td>परामर्श सेवाको लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनिमय ४ बमोजिम अनुसुची -१(क) बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ ।<br>क) पापालिकाबाट खाद्यान्य वासलात पुस्तिका तयार गर्नको लागि लागत अनुमान तयार गरी तिन वटा परामर्शदाता सँग आर्थिक प्रस्ताव माग गरी न्यून कबोलगर्ने परामर्शदाताबाट कार्य गराउनु पर्ने व्यवस्था छ । लागत अनुमानको तयार बेगर र प्रस्तावमाग नगरी सोझै विजय विकास स्रोत केन्द्र खाद्यान्य वासलात पुस्तिका तयारी गरेको पाइयो ।भौ.५२-०७८।३।२५ बाट स्रोत केन्द्रलाई रु.१४००००।भुक्तानी भएको नियम सम्मत देखिएन ।<br><br>ख) पापालिकाबाट व्यक्तिगत घटना दर्ता किताव डिजीटाइजेशन कार्य गर्नको लागि लागत अनुमान तयार गरी तिन वटा परामर्शदाता सँग आर्थिक प्रस्ताव माग गरी न्यून कबोलगर्ने परामर्शदाताबाट कार्य गराउनु पर्ने व्यवस्था छ । लागत अनुमानको तयार बेगर र प्रस्तावमाग नगरी सोझै एक्स ओर सोलुसनबाट व्यक्तीगत घटना दर्ता किताव डिजीटाइजेशन गराइ भौ.२६९-०७८।३।२२ बाट रु.३५८६५२। प्रतिवेदन बेगर भुक्तानी भएको नियम सम्वत देखिएन ।</td><td>७३४,५००</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ग) आदिबासी जनजाती म्यूजियम निर्माण कार्यको डि पि आर तयार कार्य गर्नको लागि लागत अनुमान तयार गरी तिन वटा परामर्शदाता सँग आर्थिक प्रस्ताव माग गरी न्यून कबोलगर्ने परामर्शदाताबाट कार्य गराउनु पर्ने व्यवस्था छ । लागत अनुमानको तयार बेगर र प्रस्तावमाग नगरी अग्निध्वज कन्सल्टेन्सी प्रा.लि बाट डि.पि.आर तयार गराइ सामाजिक विकास मन्त्रालयको भौ.१,२,५-०७८।३/२,३/८,३२३ बाट रु.७३४५००।अन्तिम प्रतिवेदन बेगर भुक्तानी भएको नियम सम्वत नदेखिएको रु. | |
| २० | | | **ठेक्का व्यवस्थापनः** | |
| २०.१ | | | **नगरपालिका सभाहल निर्माणः न**गरपालिकाको सभाहल निर्माण गर्न रु. १५१०३७९५।१२ (मु.अ.कर, पि.एस. र कन्टेन्जेन्सी बाहेक) को ल.इ. तयार गरी ठेक्का नं. 2/GM/NCB/077/78 बाट कार्य गर्न मिति २०७७।६।१९ मा विद्युतिय बोलपत्रको माध्यामबाट सूचना प्रशासन गरेकोमा १९ वटा बोलपत्र दर्ता भएकोमा प्राविधिक तथा आर्थिक मूल्याङ्कनबाट ८ वटा फर्म पास भएको पाइयो । सबै भन्दा घटी रकम रु. ११४०१२०६।३३ (मु.अ.कर र पि.एस. समेत) कबोल गर्ने चारुमति कन्स्क्ट्रक्सन प्रा.लि. काठमाडौंको बोलपत्र स्वीकृत गरी मिति २०७८।२।१८ सम्ममा निर्माण कार्य सम्पन्न गर्न मिति २०७७।८।१८ मा सम्झौता गरेको पाइयो । भौ.नं. ५८७।२०७८।३।२४ बाट दोस्रो रनिङ्ग विल भूक्तानी हुँदा सम्म रु. ८९४६८०५।६९ भूक्तानी भएको छ । दोस्रो रनिङ्ग विलबाट रु. ३४४२४३२।- भूक्तानी गर्दा प्रोभिजनल समवापतको रकम रु. २९६८७।- ठेक्का विलमा समावेश गरीसकेपछि पुनः भूक्तानी गर्दा समेत जोडी (दोहोरो जोड जम्मा गरी) भूक्तानी भएकोले बढी भूक्तानी भएको रकम असूल गरी दाखिला हुनुपर्ने रु. | २९,६८७ |
| २०.२ | | | **आय ठेक्काः** नारायणी नदीको नदीजन्य पदार्थ उत्खनान् तथा विक्रि वितरण गर्न ३ वटा खण्डको १ प्याकेज बनाइ रु. ७५००० घन मिटर परिमाण उठाउन न्युनतम मूल्य रु. १८५२२०००।- कायम गरी ठेक्का नं. ०३।२०७७।०७८ बाट कार्य गर्न मिति २०७७।११।२ मा विद्युतिय बोलपत्रको मायामबाट सूचना प्रकाशन गरेकोमा ३ वटा बोलपत्र दर्ता हुन आएको मध्ये सबै भन्दा बढी रकम रु. २८००००००।- (मु.अ.कर र कर बाहेक) कबोल गर्ने निर्माण व्यवसायी हिरोज कन्स्क्ट्रक्सनको बोलपत्र स्वीकृत गरेको पाइयो । मिति २०७८ जेष्ठ मसान्त भित्र तोकिएको परीमाण उठाउन मिति २०७८।१।२० मा सम्झौता भएकोमा आर्थिक वर्षको अन्त्य सम्म (मु.अ.कर र अग्रीम कर समेत) कूल रु. ९५८९१४६।- प्राप्त भइ रु. २२४७०८५४।- प्राप्त हुन बाँकी रहेको देखिन्छ । नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको मिति २०७८।२।५ को प्रतिवेदन अनुसार हिरोज कन्स्ट्रक्सनले १९६९५ घन मिटर परिमाण उठाउन बाँकी रहेको देखाएको छ । नगर कार्यपालिकाको निर्णय अनुसार मिति २०७८ फाल्गुण मसान्त सम्म तोकिएको परिमाण उठाउन म्याद थप गरिएको र उठ्न बाँकी रकमको लागि प्राइम | |

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मसियल बैंकको मान्य अवधि १६ सेक्टेम्बर २०२२ को बैंक जमानत रु. १६०३००००।- र ग्लोवल आइएमई बैंकको मान्य अवधि १८ अक्टोबर २०२२ को भएको बैंक जमानत रु. ६५०००००।- समेत रु. २२५३००००।- बैंक जमानत पेश हुन आएको छ । तोकीएको समय सिमा भित्र तोकीएको परिमाण उठाई लग्नको लागि सहजीकरण गराइ उठ्न बाँकी रकम रु. २२४७०८५०।- असूल गर्ने तर्फ नगरपालिकाले पहल गर्नुपर्दछ । | |
| २०.३ | | | **गडम्दी खानेपानी आयोजना वडा नं. ३:** गडम्दी खानेपानी आयोजना निर्माण कार्यको लागि रु. १५५०८५२३।०५ (मु.अ.कर, पि.एस. र कन्टेन्जेन्सी समेत) को ल.इ. तयार गरी ठेक्का नं. 3/GM/NCB/077/078 बाट निर्माण कार्य गर्न मिति २०७७।६।१९ मा विद्युतिय बोलपत्रको माध्यामबाट सूचना प्रकाशन गरेकोमा १० वटा बोलपत्र दर्ता हुन आएको पाइयो । प्राविधिक तथा आर्थिक प्रस्तावबाट पास भएका १० वटा फर्म मध्ये सबै भन्दा घटी रु. १३५३७१६७।३२ (मु.अ.कर, पि.एस. र कन्टेन्जेन्सी समेत) कबोल गर्ने अमन कन्स्ट्रक्सनको बोलपत्र स्वीकृत गरी मिति २०७८।२।१४ सम्ममा सम्पन्न गर्नेगरी मिति २०७७।८।१४ मा सम्झौता भएको पाइयो । गो.भौ. नं. ३३।२०७८।३।२५ बाट दोस्रो रनिङ्ग विल भूक्तानी हुँदासम्म रु. ४७७१११३।४२ भूक्तानी भएको छ ।गो.भौ.नं. ८।२०७७।१२।१० मा पहिलो रनिङ्ग विल बाट रु. २१९४२५२।- भूक्तानी हुँदा विल रकम रु. ११८२७८३०।२३ को धरौटी वापत ५% ले हुने रकम रु. ९१३९२।- कट्टी गर्नुपर्नेमा रु. ७३९६९।- मात्र कट्टी गरी भूक्तानी दिएकोले घटी कट्टी गरेको धरौटी रकम रु. १७४२३।- फिर्ता गरी धरौटी दाखिला गर्नुपर्ने रु. | १७,४२३ |
| २१ | | | **विविध तर्फः** | |
| २१.१ | | | **बढी भुक्तानीः** कार्यसंचालन निर्देशिका २०७७ को ७.१५.१.४(ख) मा सहायक स्तरको तालिम संचालन गर्न कार्य पत्र र प्रस्तुतिकरण भुक्तानी दिने व्यवस्था छ ।न्यायीक सचेतना कार्यक्रम ८ वडामा १/१ दिन सम्म ८ दिन संचालन भएकोमा प्रति दिन ४ कक्षाका दरले ३२ कक्षाको भुक्तानी दिनु पर्नेमा ४० कक्षाको रु.१५००। का दरले भुक्तानी भुक्तानी भएकोले बढी ८ कक्षाको रु.१५०० का दरले कर पछी रु.१०२००।कार्यक्रम संचालन पुष्पराज शर्मा सँग असुल गर्नु पर्ने रु. | १०,२०० |
| २१.२ | | | **बढी दरमा खरीदः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। निम्न भौचरबाट हिउँदे घाँस खरीद गर्दा जिल्ला दर रेट भन्दा बढी दरमा खरिद गरि भुक्तानी भएकोले पालिकालाई बढी व्ययभार पर्ने गएको रु. | १९९,९२० |

| भौ.मिति | भुक्तानी लिने व्यक्ती | घाँसको नामा | खरिद दर | जिल्ला दर | परिमाण | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| 369-077/9/1 | गोरस पशु विकास फार्म | जै घाँस | 105 | 63 | 4760 | 42 | 199920 |

२१.३ **कृषि अनुदानः** पालिकाले संघिय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

| सि नं | भौचर नं | विवरण | रकम |
|---|---|---|---|
| 1 | 825-077/12/26 | मुकुन्द सेन दुऊध उत्पादन सहकारी संस्था IMD Vaction | 365425 |
| 2 | 1018-078/3/1 | मुक्न्दसेन पशुपालन तथा कृषक समुह | 291000 |
| 3 | 949-078/2/9 | मुकुन्द सेन दुऊध उत्पादन सहकारी संस्था चापाकटर मोटर सहित वितरण | 73970 |
| 4 | 226-078/3/18 | सागर मौरी पालन उद्योग १०० वटा घार वितरण | 950000 |
| 5 | 227-078/3/18 | केलादी कृषि समुह टनेल निर्माण | 130000 |
| 6 | 258-078/3/21 | शिवनगर भैसी पालन कृषक समह भैसी खरीद अनुदान | 2364000 |
| 7 | 264-078/3/22 | ओली प्लाष्टिक सेन्टर | 462005 |
| 8 | 267-078/3/22 | व्यवसायीक तरकारी उत्पादन ५०% अनुदान दाजुमाइ कृषि तथा पशु फर्म | 180300 |
| 9 | 288-078/3/24 | अमर वहुउद्वेश्यीय सहकारी संस्था लि. दुग्ध प्रसोधन स्थापना | 4578458 |
| 10 | 353-078/3/29 | एशिएन एग्रो ट्रेड टनेल खरीदत् | 125996 |
| 11 | 55-078/3/26 | फलफुल, कागति विरुवा वितरण | ६,६१,६६२ |
| 12 | 59129127128158100000 भौचरबाट | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३९,३२,३५२ |
| 13 | 92,103,,120,227,246,260, | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table><tr><td></td><td>273,316,353</td><td>व्यवसायिक तरकारी उत्पादन कार्यक्रम</td><td>१५,२२,९६९</td></tr></table>
<ul>
<li>अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।</li>
<li>कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>२१.४</td><td></td><td></td><td>बढी भुक्तानीः- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका कार्यको भुक्तानीमा विल भर्पाइ भन्दा बढी भुक्तानी रकम सम्बन्धित सँग असुल गर्नु पर्ने रु.</td><td>२०,६५०</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>भौ.न।मिति</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>13-२०७७।६।१</td><td>गहुँखेती मल र विउमा ५०% अनुदान कार्यक्रममा वडा नं. ११ का महिला समुहलाई विल भर्पाइ पेशको आधारमा ५० प्रतिशत रकम भुक्तानी दिनु पर्नेमा पेश गरेको विल रु.४१३००। भुक्तानी भएकाले बढी भुक्तानी भएको रु.२०६५०। असुल गरी नगरपालिका खातामा दाखिला गर्नु पर्ने रु</td><td>२०६५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>20650</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२१.५</td>
<td></td>
<td></td>
<td>
भरपाई वेगरको खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका कार्यको भुक्तानीमा भरपाइ पेश नभएकोले भरपाइ पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.न।<br>मिति</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>353-<br>078/3/29</td><td>एशियन एग्रो ट्रेड बाट २३९.७९ ई ४६५ का दरले रु.१२५९९७। को वितरणको उद्धय्यले टनेल खरीद गरेकोमा दाखाल प्रतिवेदन तयार भएको तर दाखिला पाना नं. उल्लेख नभएको साथै वितरण भर्पाइ समेत पेन नभएकोले वितरण भर्पाइ पेश गर्नु पर्ने र</td><td>125997</td></tr>
<tr><td></td><td>जम्मा</td><td>125997</td></tr>
</table>
</td>
<td>१२५,९९७</td>
</tr>
<tr>
<td>२१.६</td>
<td></td>
<td></td>
<td>अनुत्पादक खर्चः सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा निम्नानुसार रु. 1173276।खर्च लेखी भुक्तानी गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गरिनुपर्छ।</td>
<td></td>
</tr>
</table>

| भौ.मिति | खर्चको विवरण | भुक्तानी रकम रु |
|---|---|---|
| 222-077/7/17 | पारिजात टोल आमा समुह बाध्यबाधन सामाग्री खरीद | 29500 |
| 381-077/9/6 | नगरपालिका स्तरीय महिला लक्षीत कार्यक्रम दराज, बाध्यवाधन सामाग्री खरीद | 100000 |
| 1056-078/3/2 | साङ्गे छ्योलिङ्ग महाबैछ गुम्बालाई आवश्यक सामाग्री खरीद | 50000 |
| 1177-078/3/16 | देउराली महिला समुह भङ्मुमर, साउण्ड सिष्टम खरीद | 96000 |
| 1188-078/3/22 | महादेवथान नौमती बाजा समुह खरीद | 30000 |
| 1243-078/3/23 | जेष्ठ नागरीक वडा संघ खैजडी, कुर्सी, मुजुरा खरीद | 50000 |
| 1247-078/3/24 | गैडाकोट १४ वडा स्तरीय युवा क्लव खर्च | 111110 |
| 445-077/9/19 | नेपाल सगरमाथा दलित समाजलाई समाजको भवन निर्माण | 500000 |
| 653-077/11/11 | ६ अन्तर्गत दलित लक्षित कार्यक्रममा जीविको पार्जनका लागि विभिन्न सामाग्री | 66666 |
| 440-077/9/19 | १४ नं. जनजाती समिति | 80000 |
| 921-078/1/16 | भागर टोल विकास संस्था | 60000 |
| | जम्मा | 1173276 |

२१.७ **भुक्तानी दिन बाँकीको कच्चाबारी वेगर** भुक्तानीः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने ८६,४४५

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था रहेको छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनी गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ आवश्यक कानुनी व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्नुपर्नेमा पालिकाले भौ.९३५-०७८।१।३० बाट राधाकृष्ण ह्युम पाइप इण्डष्ट्रीज प्रा.लि बाट हयुम पाइप खरीद मिति ०७७।३।२९ र ३।२१ को विल राखी मा रु.८६४४५। भुक्तानी दिन वाँकीको कच्चावारी वेगर नै भुक्तानी दिएको रु. | |
| २२ | | | **शिक्षा तर्फः** | |
| २२.१ | २१ | २०७७-९-१७ | **लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणका लागि आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१०,०००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.१५,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ । आर्थिक वर्ष ०७७/७८ मा जलदेवी आवि गैडाकोट १८ र सिर्जनशिल आवि गैडाकोट ६ विद्यालयलाई लेखापरीक्षणको लागी निकासा भएकोमा आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन ।तपसिलको विद्यालयले लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. | २०,००० |
| २२.२ | २१ | २०७७-८-१७ | विद्यालय सुधार योजनाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन विद्यालय सुधार योजनाका लागि आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१५,०००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.२०,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ ।आर्थिक वर्ष ०७७/७८ मा १० माध्यमिक विद्यालयलाई रु.२,००,०००. र २६ आधारभुत विद्यालयलाई रु.३,९०,०००. गरी जम्मा रु.५,९०,०००. निकासा भएको छ ।तपसिलको विद्यालयहरुबाट विद्यालय सुधार योजना पेश भएको छैन । तसर्थ विद्यालयले विद्यालय सुधार योजना पेश गर्नुपर्ने रु. | ३८०,००० |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | जनक नमुना मावि | 20000 |
| २ | कालिका नमुना मावि | 20000 |
| ३ | लक्ष्मी मावि | 20000 |
| ४ | नेरानश मावि | 20000 |
| ५ | नारायणी मावि | 20000 |
| ६ | वालज्योती मावि | 20000 |
| ७ | कृष्ण गण्डकी मावि | 20000 |
| ८ | पञ्चज्योती आवि | 15000 |
| ९ | वालोदय आवि | 15000 |
| १० | महेन्द्र स्मारक आवि | 15000 |
| ११ | नवदुर्गा आवि | 15000 |
| १२ | सरस्वती आवि | 15000 |
| १३ | कुमारवर्ती आवि | 15000 |
| १४ | नारायणी आवि | 15000 |
| १५ | मुकुन्दसेन आवि | 15000 |
| १६ | दुर्गा आवि | 15000 |



https://nams.oag.gov.np

| | | |
|---|---|---|
| १७ | जनशक्ती आवि | 15000 |
| १८ | मगंलादेवी आवि१८ | 15000 |
| १९ | शंखदेवी आवि | 15000 |
| २० | मंगलादेवी आवि ३ | 15000 |
| २१ | देउरालि आवि | 15000 |
| २२ | जलदेवी आवि | 15000 |
| २३ | सिर्जनशिल आवि | 15000 |
| | जम्मा | 380000 |

| | | | | |
|---|---|---|---|---|
| २२.३ | ३२५ | २०७८-३-२६ | जिन्सी दाखिला - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । नेपाल राष्ट्रिय शमसेर आदर्श माविले खरिद गरेका कुर्ची १५ वेन्च ४ टेवल १० किताव रयाक १ सिसावाला दराज १ सामाग्रीको दाखिला प्रमाण पेश नभएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु. | ३२०,००० |
